# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७) मिति २०८३ साल श्रावण १८ गते (संख्या १

## भाग १

## धनकुटा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई तत्काल उद्धार, राहत तथा समाजमा पुनःस्थापना गराई सबै प्रकारका भेदभाव तथा हिंसाजन्य अपराधलाई दण्डनीय बनाई प्रभावितहरूलाई क्षतिपूर्तीका साथै शिक्षा, स्वास्थ्य,

रोजगारी र सामाजिक सुरक्षाका अवसर उपलब्ध गराई लैङ्गिक हिंसा निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी धनकुटा नगरपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

(१) संक्षिप्त नाम प्रारम्भ :

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८३" रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

(२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले धनकुटा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिका सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ङ) "प्रभावित" भन्नाले लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार तथा लैङ्गिक आधारमा हुने जुनसुकै प्रकारको हिंसालाई सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०७७ सम्झनु पर्छ।

(ज) "कार्यविधि" भन्नाले धनकुटा नगरपालिकाले तयार गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८३ सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ६ अनुसारको उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन

**(३) कोषको स्थापनाः**

(१) लैङ्गिक हिंसा प्रभावितहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन नगरपालिकामा एक कोषको स्थापना गरिनेछ।

(२) उक्त कोषमा देहाय बमोजिमका रकम रहने छन्।

(क) नेपाल सरकारबाट प्राप्त रकम

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) नगरपालिकाबाट विनियोजित रकम

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ/संस्थाबाट प्राप्त रकम

(ङ) स्वदेशी संघ/संस्था, व्यक्तिबाट प्राप्त रकम

(च) अन्य स्रोतबाट प्राप्त रकम

(३) महिला अधिकार, हकहित र महिला हिंसा विरुद्धका क्षेत्रमा नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने संघ/संस्थालाई उक्त कोषमा रकम जम्मा गर्न नगरपालिकाले तोकेमा उक्त तोकिए बमोजिमको रकम जम्मा गर्नु पर्नेछ।

(४) कोषको उपयोगः

(१) कोषको रकम देहायका क्षेत्र बाहेक अन्यत्र खर्च गर्न पाइने छैन।

(क) लैङ्गिक हिंसा प्रभावितलाई राहत, उद्धार र पुनःस्थापना कार्य,

(ख) प्रभावितको औषधि उपचार खर्च,

(ग) प्रभावितलाई आर्थिक सहयोग,

(घ) कानूनी उपचार खर्च,

(ङ) मनोसामाजिक उपचार तथा मनोविमर्श सहयोग,

(च) जीविकोपार्जनका लागि सञ्चालन गरिने व्यवसायका लागि बीउ पूँजी (सिड मनि) रकम,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट प्रभावितले प्रचलित कानून बमोजिम कसुरदारबाट

प्राप्त गर्नु पर्ने क्षतिपूर्ति रकममा कसुरदारको कुनै सम्पत्ति नभएको वा तिर्न सक्ने अवस्था नभएको कारणबाट प्रभावितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था भएमा उक्त रकम बराबरको क्षतिपूर्ति दिन,

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले लैङ्गिक हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरी तथा लैङ्गिक हिंसा प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा परेका वा सडकमा रहेका व्यक्तिलाई उद्धार गर्न, सहायता प्रदान गर्न सक्नेछ। पीडितको लागि समितिले तोके बमोजिमका अन्य क्षेत्रमा खर्च गर्न सक्नेछ ।

**(५) कोषको रकम अन्य क्षेत्र खर्च गर्न नसकिने**

(१) कोषको रकम दफा ४ मा उल्लेखित क्षेत्र भन्दा बाहेकको अन्य कुनै शीर्षक र काममा खर्च गर्न पाइने छैन ।

(२) नियम ५ को (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय सञ्चालनका अत्यावश्यक खर्च र समितिको सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**(६) उद्धार तथा राहत समितिः**

(१) लैङ्गिक हिंसा प्रभावितलाई तत्काल उद्धार, राहत र सहयोग उपलब्ध गराउने कामका लागि एक समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम रहनेछः

(क) उपप्रमुख नगरपालिका — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत नगरपालिका — सदस्य

(ग) जिल्ला प्रहरी कार्यालय, धनकुटामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख— सदस्य

(घ) एकद्वार संकट व्यवस्थापन केन्द्र प्रमुख — सदस्य

(ङ) प्रमुख महिला, बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा — सदस्य सचिव

समितिको बैठकमा विषयक्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ । यसरी बैठकमा आमन्त्रण गरिएका व्यक्तिले सदस्य सरहको अधिकार उपयोग गर्न र सदस्यले पाए सरहको सेवा सुविधा पाउने छन्।

(७) **समितिको काम कर्तव्य र अधिकारः**

राहत तथा उद्धार समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछः

(क) लैङ्गिक हिंसा निवारणका लागि संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट स्वीकृत नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने।

(ख) प्रभावितलाई तत्काल उद्धार गर्ने, उपचार गराउने र पुनःस्थापनाका लागि सहयोग पुऱ्याउने।

(ग) कोषमा थप रकम जम्मा गराउने तर्फ पहल गर्ने।

(घ) प्रभावितलाई उपलब्ध गराएको सहयोग/राहतको सहि सदुपयोग भए नभएको अनुगमन गरी दुरुपयोग गर्नेलाई कारवाही गर्ने।

(ङ) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत सरोकारवालाहरू बीच समन्वय सहकार्य गर्ने।

(च) लैङ्गिक हिंसा विरुद्ध (हिंसा नै नहुने वातावरण तयारीका लागि) सचेतनामूलक कार्यक्रहरू सञ्चालन गर्ने।

(छ) नगरपालिका क्षेत्र भित्रका लैङ्गिक हिंसाका घटनाको अभिलेख तयार गरी अभिलेख सुरक्षित गर्ने।

(ज) लैङ्गिक हिंसामा परेका किशोरी तथा किशोरको तत्काल उद्धार र संरक्षणका लागि सरोकारवालाहरू बीच समन्वय गर्ने।

(झ) सडकमा रहेका महिला, बालबालिका, किशोर किशोरी तथा ज्येष्ठ नागरिकहरूको उद्धार र संरक्षणका लागि सरोकारवालाहरू बीच समन्वय गर्ने।

## समितिको बैठक :

(क) समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ। आवश्यकताका आधारमा जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य-सचिवले बोलाउनेछ। बैठक २४ घण्टा अगाडि बोलाउनु पर्नेछ। बैठक बोलाउँदा सदस्यहरूलाई कार्यसूची समेत उपलब्ध गराउनु पर्नेछ।

(ग) समितिको निर्णय सर्वसम्मत हुनेछ । मत बाझिएमा, ५१% मत गणपूरक मानिनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने संयोजकको मत निर्णायक हुनेछ। बैठक सुरु गर्न ५१% उपस्थित भएमा गणपूरक संख्या मानिनेछ।

(घ) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा बैठक बस्नु परेमा सबै भन्दा ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्नेछ।

(ङ) समितिको बैठक सम्बन्धी थप कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ।

(च) समितिले संघ, प्रदेशस्तरका राहत तथा उद्धार समितिसँग समन्वय गर्नेछ।

## परिच्छेद-३

## वित्त व्यवस्थापन

**(८) राहत तथा आर्थिक सहयोग रकमको सिमा र आधारः**

लैङ्गिक हिंसा प्रभावितलाई राहत र आर्थिक सहयोग उपलब्ध गराउँदा निम्नानुसारका आधार र सिमालाई पालना गरिनेछः

(क) प्रभावितलाई उद्धारका लागि यातायातको साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा बमोजिमको रकम बाहेक खाना खर्च वापत प्रतिदिन रु.५००/- र बास बस्नु पर्ने भएमा सो बापत छुट्टै

रु.१०००/- ले बढीमा ३ दिनको रु.४,५००/- (अक्षेरुपी: चार हजार पाँच सय मात्र) सम्म अधिकतम रकम उपलब्ध गराउन सकिनेछ।

(ख) प्रभावितलाई अस्पताल भर्ना गर्नु परेमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग हुने भएमा सार्वजनिक सवारी साधनको लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन रु.५००/- अस्पताल बाहिर बस्नु पर्ने अवस्था भएमा बढीमा ५ दिनको बसोबास खर्च प्रति दिन रु.१०००/- र उपचार खर्च सहित जम्मा रु.१०,०००/- मा नबढ्ने गरी यथार्थ खर्चका बिलको आधारमा प्रभावितसँग आश्रित बालबालिका भएमा सोहि दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

(ग) कानुनी सहायता, मनोसामाजिक परामर्श सेवा/उपचारका लागि आवश्यक पर्ने भएमा रु.२,५००/- मा नबढ्ने गरी यथार्थ खर्च उपलब्ध गराउन सकिनेछ।

(घ) प्रभावितलाई पुन:स्थापना पश्चात व्यवसाय सञ्चालन गर्न चाहेमा बस्तुगत अनुदान र नगद अनुदान गरी बढीमा एक पटकका लागि रु. २०,०००/- उपलब्ध गराउन सकिनेछ।

(ङ) पुन:स्थापनाका लागि एकपटकका लागि रु. २,५००/- उपलब्ध गराउन सकिनेछ।

(च) अन्य कार्यका लागि समितिको निर्णयानुसार बढीमा रु. ५,०००/- सम्म उपलब्ध गराउन सकिनेछ।

(छ) माथि उल्लेखित सेवा र सुविधाहरू धनकुटा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरूका अलावा धनकुटा नगरपालिका क्षेत्र बाहिर स्थायी बसोबास गर्ने व्यक्ति धनकुटा धनकुटा नगरपालिका क्षेत्र भित्र भएको लैङ्गिक हिंसाबाट प्रभावित भएमा निजलाई जिल्ला प्रहरी कार्यालय र धनकुटा जिल्ला अस्पतालको सिफारिसको आधारमा प्रभावितलाई राहत र उद्धार सहयोग उपलब्ध गराउन कुनै बाधा पुग्ने छैन।

**(९) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यो कार्यविधि बमोजिम राहत तथा आर्थिक सुविधा लिन प्रभावित/निजको सरोकारवाला व्यक्तिले मनासिब कारण खुलाई अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन समिति समक्ष दिनु पर्नेछ।

(२) प्राप्त निवेदनलाई समितिले अध्ययन विश्लेषण गर्दा प्रभावितलाई राहत/आर्थिक सुविधा मध्ये के उपलब्ध गराउनु पर्ने हो वा दुवै सहयोग उपलब्ध गराउनु पर्ने अवस्था रहेको पाइएमा दफा ९ को सिमा भित्र रही उपलब्ध गराउन सक्नेछ।

**(१०) तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएपनि प्रभावितलाई तत्काल उद्धार, औषधी उपचार, राहत, पुनःस्थापना वा आर्थिक सहयोग उपलब्ध नगराएमा थप

मानवीय क्षति तथा गम्भिर संकटको अवस्था उत्पन्न हुने देखिएमा समितिका संयोजकले कोषबाट आवश्यकता र औचित्यका आधारमा बढीमा रु.१५,०००/- सम्म रकम प्रभावितलाई उपलब्ध गराउन सक्नेछ।

(ख) दफा ११ (क) अनुसार उपलब्ध गराएको रकम यस पछि बस्ने समितिको बैठकबाट अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ।

**(११) छुट्टै खाता खोल्नु पर्ने:**

(१) कार्यालयले कोषको रकम क वर्गको बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) यो कोषको रकम आ.व. को अन्त्यमा फ्रिज हुने छैन।

(३) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

**(१२) कोषको लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

**(१३) थप रकम माग गर्न सक्ने:**

(१) समितिको कोषमा रहेको रकम उक्त आ.व. का लागि अपर्याप्त भएमा/प्रभावितलाई उपलब्ध गराउन नपुग भएमा

नगरपालिका समक्ष समितिले आवश्यक कारण र प्रमाण संलग्न राखी थप रकम निकासाका लागि माग गर्न सक्नेछ।

(२) लैङ्गिक हिसा प्रभावितलाई तत्काल उद्धार, राहत, सहयोग, पुनःस्थापनाका लागि कोषमा भएको रकमले नपुग हुन गएमा वा बढी खर्च हुन गएमा उक्त सबै प्रमाण संलग्न राखी केन्द्रीय उद्धार तथा राहत समिति समक्ष रकम माग गर्न सक्नेछ।

## परिच्छेद-४

## विविध

(१४) प्रतिवेदनः

(१) समितिले प्रत्येक त्रैमासिक अवधी समाप्त भएको ७ (सात) दिन भित्र त्रैमासिक प्रतिवेदन कार्यालय समक्ष पेश गर्नुपर्नेछ। आ.व. समाप्त भएको ७ (सात) दिन भित्र बार्षिक प्रतिवेदन तयार गरी कार्यालय समक्ष पेश गर्नुपर्नेछ। उक्त प्रतिवेदन कार्यालयले आफ्नो तर्फबाट सार्वजनिक गर्नुपर्नेछ।

(१५) बैठक भत्ताः समितिका संयोजक वा सदस्यहरूले कार्यालय समय भन्दा अघि वा पछि बैठक बसेको अवस्थामा मात्र नगरपालिकाका अन्य समितिका सदस्यहरूले पाए सरह बैठक भत्ता पाउनेछन्।

(१६) निर्देशन दिन सक्नेः (१) नगरपालिकाले लैङ्गिक हिंसा प्रभावितको उद्धार, राहत, सहयोग तथा पुनःस्थापनालाई व्यवस्थित एवं पारदर्शी बनाउन आवश्यक निर्देशन दिन सक्ने।

(१७) अनुसूची संशोधनः कार्यपालिकाले कार्यविधिमा रहेको अनुसूचीलाई संशोधन गर्न सक्नेछ।

(१८) बचाउ र खारेजीः (१) यस अघि नियमावलीलाई आधार मानेर गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(२) यस कार्यविधिमा उल्लेखित प्रावधानहरू लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०७७ सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

(३) यस कार्यविधिको संशोधन, परिमार्जन वा खारेजीको अधिकार कार्यपालिकामा निहित रहनेछ।

अनुसूची १

(दफा १० को उपदफा (१) सँग सम्बन्धित )

श्री संयोजक ज्यू, मिति:.........................

उद्धार तथा राहत समिति

धनकुटा नगरपालिका, धनकुटा।

**विषय: सहयोग उपलब्ध गराइदिनु हुन।**

..................जिल्ला..............नगर/गाउँपालिका वडा नं....... मा बस्ने वर्ष.......... को म................. मिति............... गतेका दिन......... बजे ...........................नगरपालिका वडा नं....... मा ................लैङ्गिक हिंसामा परी प्रभावित भएको छु । मेरो आर्थिक अवस्था कमजोर रहेको छ । म उपर भएको लैङ्गिक हिंसाका कारण मेरो शारीरिक, मानसिक तथा समाजिक अवस्थामा गम्भिर आघात पुगी कमजोर अवस्थाबाट गुज्रिरहेकोछु। हाल मलाई औषधी उपचार, कानुनी सहायता, परामर्श, उद्धार, मनोविमर्श तथा परामर्शका लागि सहयोग आवश्यक भएकाले नगरपालिकामा रहेको लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार प्राप्त हुने सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवदेदन पेश गरेकोछु।

निवेदकको

नाम थर .........................................

ठेगाना ............................................

दस्तखत............................................

मिति ..............................................

आज्ञाले,
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत